जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ | अंक १७६ | २०७८ साल माघ २८ गते शुक्रबार (11 Feb. 2022 Friday) | मूल्य रु. ५/-

**Log on :** *rajbirajdainik.com.np*

सार्वजनिक पद र जिम्मेवारीमा रहेका व्यक्तिहरुले शक्तिको दुरुपयोग गरी गर्ने गैरकानूनी आर्जन भ्रष्टाचार हो ।

भ्रष्टाचार विरुद्ध सचेत होऔं । भ्रष्ट्राचार भएको शंका लागेमा तत्काल अख्तियार दुरुपयोग अनुसन्धान आयोग वा स्थानीय प्रशासनमा खबर गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : आठ खर्ब ८० अर्बको ... ३ पृष्ठमा : याक एण्ड यतिको ... ३ पृष्ठमा : भारतमा नक्सलाइट हिंसामा ...

# नगरको ऐतिहासिक पोखरी शौच र पिसाब गर्ने थलो बन्दै



**दैनिक समाचारदाता**
**राजविराज, २७ माघ ।**

राजविराज नगरपालिकाको सामुन्ने रहेको ऐतिहासिक भगवती पोखरी अहिले मानिसहरुको शौच र पिसाब गर्ने थलो बन्दै गएको छ ।

आवश्यक रेखदेख, सरसफाई र संरक्षणको अभावमा उक्त पोखरी शौच र पिसाब गर्ने थलो बन्दै गएको हो । सोही कारणले पोखरी कुरुप र दुर्घन्धित समेत भएको छ ।

विभिन्न पूजापाठ, छठ पर्व, विवाहका समयमा विभिन्न विधीका लागि तथा अन्य पर्वमा स्थानियहरुले प्रयोग गर्ने उक्त पोखरीमा अहिले सर्वसाधारणले फोहर समेत फ्याल्ने गर्छन् ।

राजविराज नगरपालिका कार्यालयकै अधिनमा रहेको भगवती मन्दिरको पछिल्लो भागमा अवस्थित उक्त ऐतिहासिक पोखरीमा पानी नै सुकेपछि प्रयोगविहीन अवस्थामा पुगेको स्थानियले बताएका छन् ।

छठ पर्वको समयमा स्थानिय र नगरपालिका कार्यालयका सफाईकर्मीले मिलेर पोखरीको सरसफाई गर्छन् । त्यसमा सेना र प्रहरीले पनि सघाउछन् । तर त्यसपछि वर्षैभरि पोखरी उपेक्षित हुन्छ । नगरपालिकाको

***बाँकी अन्तिम पृष्ठमा***

## सप्तरी उद्योग बाणिज्य संघको संशोधनसहित म्याद थपको पदपूर्ती सम्बन्धी सूचना

सप्तरी उद्योग बाणिज्य संघको मिति २०७८/१०/१८ गते प्रकाशित पदपूर्ती (आवश्यकता) सम्बन्धी सूचनाको सन्दर्भमा उमेरको हदम्यादमा देहाय अनुसार संशोधन गरिएको हुँदा उक्त पदहरुमा आवेदन दिनका लागि आगामी २०७८ साल फाल्गुन २५ गतेसम्म म्याद थप गरिएको व्यहोरा इच्छुक महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**संशोधन**

१. विज्ञापन नं. ०१/०७८/०७९, ०२/०७८/०७९ र ०३/०७८/०७९ को बुन्दा नं. ३ मा उमेरको हमा २१ वर्ष पूरा गरि ३० वर्ष ननाघेकालाई संशोधन गरी उमेरको हमा २१ वर्ष पूरा गरी ४० वर्ष ननाघेको हुनुपर्ने भनि संशोधन गरिएको छ ।
२. आवेदन भर्ने अन्तिम म्याद २०७८/११/२५ गते सम्म
३. सम्पर्क मिति : २०७८/१२/०१ गते दिउँसो १२:०० बजे देखी ५:०० बजे सम्म ।

**अमृत कुमार संचेती**
**महासचिव**



## सम्पादकीय

### पोखरीहरुको संरक्षणमा ध्यान पुगोस्

सप्तरीमा रहेका अधिकांश जलाशयहरुको अवस्था जिर्ण, शौच गर्ने थलो तथा दुर्घन्धित बन्दै गएको छ। यहाँ रहेका पोखरी तथा इनारहरुको अवस्था निकै दयनिय रहेको छ। अधिकांश पोखरीहरु संरक्षण र सम्वर्द्धनको अभावमा जिर्ण बन्दै गएको छ भने इनारहरु लोप नै भइसकेको अवस्था छ। जिल्लामा रहेका सरकारी पोखरीहरुको अवस्था कहाली लाग्दो छ। ती पोखरीहरु स्थानिय सरकारले संरक्षण सम्वर्द्धनका साटो मात्र ठेक्का लगाउने प्रवृती बढ्दै गएको छ। जसले गर्दा ठेकेदारहरुले यसलाई प्रयोग मात्र गर्छन संरक्षणका लागि ध्यान दिदैनन्।

यस्तो प्रवृतीले पोखरीहरु झनै जिर्ण बन्दै गएको छ। केही वर्ष अघि सरकारले पोखरी र इनारहरुको संरक्षणका लागि बजेट नै छुट्याएको थियो। तर ती बजेटको सदुपयोग हुन सकेन्। मात्र पोखरीबाट माटो निकाल्ने र त्यसलाई सम्याउने बाहेकको काम भएन्। त्यसलाई घेरबार तथा सफासुघर गर्ने काम भएन्। पोखरीहरुको सम्वर्द्धन र संरक्षणका लागि समिति बनाएर त्यसबाट समय समयमा अनावश्यक घाँस निकाल्ने, छेउछेउमा बार लगाउने, घाटहरुलाई व्यवस्थित बनाउने तथा पानीको मात्र कमबढी गर्ने जस्ता काम गर्नपर्छ। त्यसबाहके शौच र पिसाब गर्नबाट बञ्चित गर्ने काम र माछा पालन गरि पोखरीको सौन्दर्यताका लागि बगैचा समेत निर्माण गर्न सक्नु पर्छ।

तसर्थ ऐतिहासिक रुपमा रहेका यस्ता सम्पदालाई जोगाई राख्न स्थानिय सरकारसमेत गम्भिर हुनु आवश्यक छ भने स्थानियहरुले पनि यसप्रति चासो देखाउनु उत्तिकै जरुरी छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# आठ खर्ब ८० अर्बको व्यापार घाटा

काठमाडौँ, २७ माघ (रासस)।

चालु आर्थिक वर्षको छ महिनामा कूल व्यापार घाटा रु आठ खर्ब ८० अर्ब ४९ करोड कायम भएको छ। आयातमा उल्लेख्य बृद्धि भएका कारण व्यापार घाटामा बृद्धि भएको हो। नेपाल राष्ट्र बैंकले बिहीबर सार्वजनिक गरेको चालू आवको छ महिनाको बिवरणअनुसार कूल वस्तु व्यापार घाटा ४६.६ प्रतिशतले बृद्धि भएको हो। अघिल्लो वर्षको सोही अवधिमा यस्तो घाटा ५.८ प्रतिशतले घटेको थियो। समीक्षा अवधिमा निर्यात-आयात अनुपात ११.९ प्रतिशत पुगेको छ। अघिल्लो बर्षको सोही अवधिमा यस्तो अनुपात ९.२ प्रतिशत रहेको थियो।

समीक्षा अवधिमा भारतबाट परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरी रु एक खर्ब १० अर्ब ९१ करोड बराबरको वस्तु आयात भएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात रु ८३ अर्ब एक करोड बराबरको भएको थियो। चालू आवको छ महिनामा कूल वस्तु निर्यात ९५.५ प्रतिशतले बृद्धि भई रु एक खर्ब १८ अर्ब ८५ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यात ६.१ प्रतिशतले बृद्धि भएको थियो।

गन्तव्यका आधारमा भारत तथा अन्य मुलुकतर्फ भएको निर्यात क्रमश: १२१.८ प्रतिशत र ३०.२ प्रतिशतले बृद्धि भएको छ भने चीनतर्फको निर्यात १०.२ प्रतिशतले घटेको छ। बस्तुगत आधारमा पाम तेल, सोयाबिन तेल, पिना, जुस, ऊनी गलैंचालगायतका बस्तुको निर्यात बढेको छ भने अलैंची, चिया, जडीबुटी, जस्तापाता, तारलगायतका बस्तुको निर्यात घटेको छ।

यस्तै कूल बस्तु आयात ५१.१ प्रतिशतले बृद्धि भई रु नौ खर्ब ९९९ अर्ब ३४ करोड पुगेको छ। अघिल्लो बर्षको सोही अवधिमा यस्तो आयात ४.८ प्रतिशतले घटेको थियो। बस्तु आयात गरिने मुलुकका आधारमा भारत, चीन तथा अन्य मुलुकबाट भएको आयात क्रमश: ३७.५ प्रतिशत, ५१.५ प्रतिशत र ९८.२ प्रतिशतले बृद्धि भएको केन्द्रीय बैंकले जनाएको छ।

बस्तुगत आधारमा पेट्रोलियम पदार्थ, औषधि, कच्चा पाम तेल, यातायातका साधन तथा पार्टपूर्जा, कच्चा सोयाविन तेललगायतका बस्तुको आयात बढेको छ भने एमएस विलेट, सिमेन्ट, दाल, मोलासिस सुगर, कीटनाशकलगायतका बस्तुको आयात घटेको छ।

निर्याततर्फ कञ्चनपुर, मेची र नेपालगञ्ज भन्सार कार्यालयबाहेकका नाकाबाट गरिएको निर्यात बृद्धि भएको छ। आयाततर्फ भने सम्पूर्ण प्रमुख नाकाबाट भएको आयातमा बृद्धि भएको छ। समीक्षा अवधिमा चालु खाता रु तीन खर्ब ५४ अर्ब सात करोडले घाटामा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा चालू खाता रु ५१ अर्ब ६८ करोडले घाटामा रहेको थियो।

समीक्षा अवधिमा पूँजीगत ट्रान्सफर २० प्रतिशतले कमी आई रु पाँच अर्ब ४८ करोड कायम भएको छ भने खुद प्रत्यक्ष वैदेशिक लगानी ४८.१ प्रतिशतले बृद्धि भई रु ११ अर्ब ३४ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा पूँजीगत ट्रान्सफर रु छ अर्ब ८५ करोड र खुद प्रत्यक्ष वैदेशिक लगानी रु सात अर्ब ६६ करोड रहेको थियो।

समीक्षा अवधिमा शोधनान्तर स्थिति रु दुई खर्ब ४१ अर्ब २३ करोडले घाटामा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु एक खर्ब २४ अर्ब ९२ करोडले बचतमा रहेको थियो। कूल बिदेशी बिनिमय सञ्चिति २०७८ असार मसान्तमा रु १३ खर्ब ९९ अर्ब तीन करोड बराबर रहेकामा १६.७ प्रतिशतले कमी आई २०७८ पुस मसान्तमा रु ११ खर्ब ६५ अर्ब ८० करोड कायम भएको छ। अमेरिकी डलरमा यस्तो सञ्चिति २०७८ असार मसान्तमा रु ११ अर्ब ७५ करोड रहेकामा २०७८ पुस मसान्तमा १५.९ प्रतिशतले कमी आई रु नौ अर्ब ८९ करोड कायम भएको छ।

कूल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०७८ असार मसान्तमा रु १२ खर्ब ४४ अर्ब ६३ करोड रहेकामा २०७८ पुस मसान्तमा १८.४ प्रतिशतले कमी आई रु १० खर्ब १५ अर्ब ५९ करोड कायम भएको छ। बैंक तथा बित्तीय संस्था (नेपाल राष्ट्र बैंकबाहेक) सँग रहेको बिदेशी बिनिमय सञ्चिति २०७८ असार मसान्तमा रु एक खर्ब ५४ अर्ब ३९ करोड रहेकामा २०७८ पुस मसान्तमा २.७ प्रतिशतले कमी आई रु एक खर्ब ५० अर्ब २१ करोड कायम भएको छ।

गत पुस मसान्तको कूल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २४.५ प्रतिशत रहेको छ। आव २०७८/७९ को छ महिनाको आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति ७.२ महिनाको वस्तु आयात र ६.६ महिनाको वस्तु

# मधेस प्रदेश सरकारले जनयुद्ध दिवस मनाउने

जनकपुर, २७ माघ (रासस)।

मधेस प्रदेश सरकारले पहिलो पटक अगामी फागनु १ गते जनयुद्ध दिवस मनाउने भएको छ। यसक्रममा सहिद परिवारलाई सम्मान र आर्थिक सहयोग प्रदान गर्ने भएको छ।

अगामी फागुन १ गते ती परिवारलाई सम्मान र आर्थिक सहयोग प्रदान गर्ने कार्यक्रम तय भएको प्रदेश सरकारले जनाएको छ।

विगत तीन वर्षदेखि माघ ५ गतेलाई मधेस बलिदानी दिवसका रूपमा मनाउँदै आएको प्रदेश सरकारले पहिलोपटक फागुन १ गते जनयुद्ध दिवस मनाउने तयारी गरेको हो।

आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयअन्तर्गतको मधेसी सहिद प्रतिष्ठानले आयोजना गर्ने कार्यक्रमलाई पूर्वप्रधानमन्त्री तथा नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड)ले सम्बोधन गर्ने कार्यक्रम तय भएको मन्त्रालयका सचिव रामकुमार महतोले जानकारी दिनुभयो।

पहिलो चरणमा प्रदेशको आठवटै जिल्लाका ४० सहिद परिवारलाई सम्मान र आर्थिक सहयोग प्रदान गरिने तयारी रहेको उहाँकोभनाइ छ।

# थप एक हजार ३६९ जनामा कोरोना संक्रमण पुष्टि

काठमाडौँ, २७ माघ (रासस)।

देशभर पछिल्लो २४ घण्टामा ११ हजार ८८० को नमूना परीक्षण गर्दा एक हजार ३६९ मा कोरोना संक्रमण पुष्टि भएको छ।

आठ हजार हजार ८८० को पीसीआर र तीन हजारको एन्टीजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ।

गत २४ घण्टामा दुई हजार २३८ कोरोना भाइरसबाट संक्रमणमुक्त भएका छन्। यससँगै संक्रमण मुक्त हुनेको संख्या नौ लाख ३० हजार ६०७ पुगेको छ। निको हुने दर ९५ दशमलव आठ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ।

नेपालमा पीसीआर विधिबाट नौ लाख ७१ हजार ४७५ र एन्टीजेन विधिबाट परीक्षण गर्दा एक लाख ३६ हजार ५११ संक्रमित भएको मन्त्रालयले जनाएको छ। पीसीआर विधिबाट परीक्षण गर्नेको सङ्ख्या ५३ लाख १२ हजार ४४२ र एन्टीजेन विधिबाट परीक्षण गर्नेको संख्या १० लाख सात हजार २३४ पुगेको छ। कूलमा सङक्रमण दर १८ दशमलव तीन प्रतिशत छ।

कोभिडविरुद्धको खोप लगाउनेको संख्या पछिल्लो २४ घण्टामा दुई लाख २० हजार ६०१ रहेको छ। हाल सक्रिय संक्रमितको संख्या २९ हजार चार रहेको छ। पछिल्लो २४ घण्टामा कोरोनाबाट १२ जनाको मृत्यु भएको मन्त्रालयले जनाएको छ।

अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको संख्या ११ हजार ८६४ पुगेको छ। कोरोनाबाट हुने मृत्युदर एक दशमलव तीन प्रतिशत छ। प्रति १० लाख जनसंख्यामा मृत्युदर ३९० दशमलव पाँच रहेको छ।

हाल भेन्टिलेटरमा रहनेको सङ्ख्या जम्मा ३२ र आइसियुमा २२५ रहेको छ। होमआइसोलेसनमा २७ हजार ९३०, संस्थागत आइसोलेसनमा एक हजार ७४ र क्वारेन्टिनमा १३३ जना रहेका छन्।

हाल देशभरमा ५०० भन्दा बढी सक्रिय संक्रमित भएका जिल्लामा मोरङ, सुनसरी, झापा, धनुषा, काठमाडौँ, ललितपुर, भक्तपुर, चितबन, काभ्रेपलाञ्चोक, कास्की, बाँके, रुपन्देही, र कैलाली

*बाँकी अन्तिम पृष्ठमा*



# याक एण्ड यतिको इजाजत रद्द

काठमाडौं, २६ माघ (रासस)।

काठमाडौंमा रहेको याक एण्ड यति होटलको नाममा सञ्चालित क्यासिनोले राज्यलाई बुझाउनुपर्ने रु ४२ करोड रोयल्टी नबुझाएको भन्दै उक्त होटलको पाँच तारे वर्गीकरण र क्यासिनो सञ्चालनको इजाजत रद्द गरिएको छ।

सरकारलाई बुझाउनुपर्ने रोयल्टी पटक पटक ताकेता गर्दा पनि नबुझाएकाले संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेको निर्देशनमा सो इजाजत रद्द गरिएको हो।

बुधबार याक एण्ड यति होटल लिमिटेड, दरबारमार्गको क्यासिनो सञ्चालन इजाजतपत्र र होटल स्तर वर्गीकरण प्रमाणपत्र रद्द गरिएको मन्त्री आलेले जानकारी दिनुभयो। नेपाल सरकारले विसं २०४८ पुस २२ गते उक्त होटलको नाममा क्यासिनो सञ्चालनको इजाजतपत्र जारी गरेको थियो।

नेपाल सरकारलाई तिर्नु, बुझाउनुपर्ने रोयल्टी, इजाजत नवीकरण दस्तुर लगायतको रकम कानून बमोजिम होटलले दाखिला नगरेका कारण कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयमा लगत कसिएको तथा यस विभागको अभिलेखमा आर्थिक वर्ष २०७६-०७७ सम्मको बँकी बक्यौता आर्थिक वर्ष २०७७-०७८ को इजाजतपत्र नवीकरण दस्तुर, आव २०७८-०७९ को रोयल्टी दस्तुर समेत गरी रु ४२ करोड २५ लाख ६८ हजार २५३ रुपैयाँ ४२ पैसा नबुझाएकाले कानुन अनुसार क्यासिनो सञ्चालन इजाजतपत्र र होटल स्तर वर्गीकरण प्रमाणपत्र रद्द गरिएको मन्त्री आलेले बताउनुभयो।

पर्यटन विभागले यो निर्णय कार्यान्वयनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सहयोग गरिदिन गृह मन्त्रालयलाई पत्राचार गरेको छ। त्यस्तै भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई उक्त होटलको नाममा रहेको सम्पूर्ण अचल सम्पत्ति रोक्का राखिदिन पनि पत्राचार गरिएको छ। त्यस्तै राष्ट्र बैंकलाई उक्त होटलको नाममा बैंक तथा वित्तीय संस्थामा रहेका बैंक खाता तथा वित्तीय कारोबार रोक्का गरिदिन समेत अनुरोध गरेको छ।

बाँकी बक्यौता दाखिला गर्न गत कात्तिक ७ मा ३५ दिने र मिति २०७८ पुस २७ गते १५ दिने अवधि तोकी पत्राचार गरिएको थियो। उक्त रकम दाखिला नगरेको देखिएकाले यही माघ १९ गतेको गोरखापत्रमा ७ दिनभित्र क्यासिनो सञ्चालन बापतको रोयल्टी लगायतका रकम दाखिला गर्न सूचना प्रकाशन गर्दा पनि तोकिएको अवधिभित्र दाखिला नगरेकाले क्यासिनो नियमावली, २०७० को नियम १४ बमोजिम त्यस होटलको नाममा जारी भएको क्यासिनो सञ्चालन इजाजतपत्र रद्द गर्ने, होटलको पाँच तारा स्तरको वर्गीकरण प्रमाणपत्र रद्द गर्ने, होटलको नाममा रहेको सम्पूर्ण अचल सम्पत्ति रोक्का राख्ने र बैंक तथा वित्तीय संस्थामा रहेका बैंक खाता तथा वित्तीय कारोबार रोक्का राख्ने निर्णय गरिएको हो।

विभागले बुधबारै उक्त होटललाई होटल तथा क्यासिनो सञ्चालन नगर्न नगराउन सूचना पनि पठाइएको जनाएको छ।

# वैदेशिक रोजगार व्यवसायी सङ्घलाई पुनः साधारणसभा गर्न प्रशासनले सहमति दिएन

काठमाडौं, २७ माघ (रासस)।

जिल्ला प्रशासन कार्यालय काठमाडौंले नेपाल वैदेशिक रोजगार व्यवसायी सङ्घको वैधानिकता समाप्त भइसकेकाले पुनः साधारणसभा गर्न सहमति दिन नसकिने निर्णय गरेको छ।

सङ्घले गत पुस २८ गते पुनः साधारणसभाका लागि निर्देशन माग गरेकामा संस्थाको वैधानिक कार्यकाल समाप्त भइसकेको र पटक-पटक तोकिएको मितिमा साधारणसभा नगरेको देखिएको भन्दै जिल्ला प्रशासन कार्यालयले पुनः साधारणसभा गर्नका लागि सहमति दिन नसकिने निर्णय गरेको हो।

कार्यालयले वर्तमान कार्यसमितिको कार्यकाल गत असोज ७ गते समाप्त भइसकेको जनाएको छ। जिल्ला प्रशासन कार्यालयले गत असोज ७ गते जनस्वास्थ्य तथा सुरक्षाको मापदण्ड पालना र भौतिक दूरी कायम गरी निर्वाचनसहितका साधारणसभा गर्न अनुमति दिएको थियो।

त्यसलगत्तै सङ्घले भदौ २३ गते कार्यालयलाई पत्र लेख्दै दशैं, तिहार र छठपर्व पर्न गएको अवस्था देखाई गत मङ्सिर २७ गते साधारणसभा गर्ने निर्णय गरेको थियो। तोकिएको समयमा साधारणसभा नगरी विभिन्न कारण देखाउँदै फेरि कात्तिक २५ गतेको सङ्घको कार्यसमिति बैठकले पुस २३ गते साधारणसभा गर्ने निर्णय गरेको थियो। सो समयमा पनि साधारणसभा नगरी पुस ३० गतेका लागि सारिएको थियो। सारिएको मितिमा पनि साधारणसभा भएको थिएन।




# लोसपाले सबै तहमा तदर्थ समिति गठन गर्ने

**दैनिक समाचारदाता**
**राजविराज, २७ माघ।**

लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुरले स्थानीय तहको गाउँ पालिका र नगरपालिकाको संयोजक तोकेर तदर्थ समिति गठन गरी केन्द्रमा पठाउन पार्टीका जिल्ला कमिटीलाई सर्कुलर जारि गरेका छन्।

तदर्थ समिति गठन गरी मात्र वडा समितिहरु गठन गर्न निर्देशन दिँदै अध्यक्ष ठाकुरले यस्ता पालिका र वार्ड समितिहरु गठन गर्दा समावेशिताको सिद्धान्तलाई ध्याना दिन निर्देशन दिएका हुन्।

उनले पालिका अध्यक्ष मात्र स्थानीय तहको उम्मेदवार हुने होइन, योग्य उम्मेदवारलाई पार्टीद्वारा उम्मेदवारका लागि टिकट दिइने समेत स्पष्ट हुन आग्रह गरे। साथै उपमहानगर पालिका र महानगर पालिकाको तदर्थ समिति केन्द्रबाट नै गठन हुने समेत उनले सर्कुलरमा भनेका छन्।

## विश्व समाचार

### भारतमा नक्सलाइट हिंसामा उल्लेख्य कमी आएको सरकारको भनाइ

नयाँदिल्ली, २७ माघ (रासस/सिन्ह्वा)।

भारतमा नक्साइटहरुले गर्ने गरेको हिंसामा पछिल्लो वर्ष उल्लेख्य मात्रामा कमी आएको हालै सार्वजनिक गरिएको एक रिपोर्टमा जनाइएको छ। यहाँ गएको १२ वर्षमा गत वर्ष अर्थात् सन् २०२१ मा त्यसअघिका वर्षको तुलनामा कम्तीमा पनि ७७ प्रतिशतले कमी आएको देखिएको हो।

भारतको केन्द्रीय गृह मन्त्रालयले प्रकाशन गरेको प्रतिवेदनमा उक्त कुरा उल्लेख गरिएको छ। सो प्रतिवेदनमा सन् २००९ मा दुई हजार २५८ को नक्सलाइट हिंसाका कारण ज्यान गएकामा त्यसमा गत वर्ष ७७ प्रतिशतले कमी आएको छ।

गत वर्ष यस हिंसामा परी ५०९ मात्र नागरिकको ज्यान गएको पाइएको छ। भारतको केन्द्रीय गृह राज्यमन्त्री नित्यादन्द रायले संसद्मा बुधबार दिनुभएको जानकारीमा सो कुरा उल्लेख गरिएको छ। उहाँले पहिलेका वर्षहरुमा नक्सलाइट आन्दोलन भारतका ९६ जिल्लामा रहेकामा अघिल्लो वर्षसम्म आउँदा यो संख्या घटेर ४६ जिल्लामा सीमित रहेको पनि जानकारी दिनुभयो।

### रुसमा अहिलेसम्मकै बढी कोरोना संक्रमित

मस्को, २७ माघ (रासस/सिन्ह्वा)।

रुसमा गएको २४ घन्टामा अहिलेसम्मकै सबैभन्दा बढी कोरोना सङ्क्रमित देखिएका यहाँको स्वास्थ्य मन्त्रालयले जनाएको छ। सो मन्त्रालयका अनुसार यहाँ बुधबार मात्र कम्तीमा पनि एक लाख ८३ हजार जना कोरोना सङ्क्रमित भेटिएका बताइएको छ।

यहाँ गएको आइतबार मात्र पनि एक लाख ८० हजारभन्दा बढी सङ्क्रमित देखिएका थिए। त्यसपछिका केही दिन यहाँ सङ्क्रमित केही घटेकामा बुधबार आएर सबैभन्दा धेरै देखिएका छन्। ती सङ्क्रमितको संख्या अहिलेसम्मकै २४ घन्टाभित्र देखिएकामा सबैभन्दा बढी हो। यहाँ अहिलेसम्म एक करोड ३३ लाख ३० हजार कोरोना भाइरसका सङ्क्रमित देखिएका पनि बताइएको छ।

त्यसैगरी यहाँको सरकारले बताएअनुसार यहाँ गएको २४ घन्टामा नै कम्तीमा पनि ६६९ जना सङ्क्रमितको निधन भएको छ। यो समेतगरी यहाँ अहिलेसम्म तीन लाख ३७ हजार ३९० को ज्यान गएको छ। रुसमा सबैभन्दा बढी सङ्क्रमित हुने स्थान राजधानी मस्को नै रहेको पनि यहाँका स्वास्थ्य अधिकारीले बताएका छन्। रुसमा पछिल्लो समयमा विकसित भएको ओमिक्रोन भेरियन्टको प्रकोप बढेको पनि बताइएको छ। सरकारले सतर्कता अपनाएको छ तर सङ्क्रमित भने बढ्दोरुपमा रहेको पाइएको छ।

### भारतमा थप ६७ हजारभन्दा बढी कोरोना संक्रमित

नयाँदिल्ली, २७ माघ (रासस/सिन्ह्वा)।

भारतमा कोरोनाभाइरसका कारण पछिल्लो एक दिनमा थप ६७ हजारभन्दा बढी सङ्क्रमित भएका छन्। सरकारी अधिकारीले बिहीबार दिएको जानकारीअनुसार गत २४ घण्टामा ६७ हजार ८४ नयाँ सङ्क्रमित भएका हुन्। यसैसँगै भारतमा कुल सङ्क्रमितको संख्या चार करोड २४ लाख ७८ हजार ६० पुगेको केन्द्रीय स्वास्थ्य मन्त्रालयले जनाएको छ।

सोही अवधिमा अरु एक हजार २४१ को मृत्यु भएको मन्त्रालयले जनाएको छ। यससँगै भारतमा अहिलेम्म कुल मृतकको सङ्ख्या पाँच लाख छ हजार ५२० पुगेको छ। नयाँ सङ्क्रमितको सङ्ख्या निकै कम हुँदै गएपछि अहिले भारतमा सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या सात लाख ९० हजार ७८९ पुगेको छ। सोही अवधिमा एक लाख ६७ हजार ८८२ कोरोनाभाइरसबाट सङ्क्रमणमुक्त भएका छन्। यससँगै अहिलेसम्म सङ्क्रमणमुक्त भएकाको कुल सङ्ख्या चार करोड ११ लाख ८९ हजार ७५१ पुगेको छ।

### अमेरिकी विमानले कीभमा ८० टन हतियार ल्याए : रक्षामन्त्री

युक्रेन (कीभ), २७ माघ (रासस-एएनआई/स्पुतनिक)।

युक्रेनले १० वटा विमानद्वारा संयुक्त राज्य अमेरिकाबाट ८० टन हतियार प्राप्त गरेको, युक्रेनका रक्षामन्त्री ओलेक्सी रेज्निकोभले बुधबार ट्वीटमा उल्लेख गरेका छन्। "आज बोरिस्पिल एयरपोर्टमा 'खुला दिन' हो ! थोरै हँसिलो मुद्रामा उनले भने संयुक्त राज्य अमेरिकाको नवौं चरापछि, १०औं चरा (विमान) उडेको र ८० टनभन्दा बढी बारूदसहितका हतियार भित्रिएको छ।

समग्रमा, अमेरिकाले हतियारका ४५ विमान आपूर्ति गर्ने योजना बनाएको युक्रेनी सेनाको आरबीएस-युक्रेनको स्रोतले उल्लेख गरेको छ। युक्रेन वरपरको अनिश्चित अवस्था हालैका हप्तामा बिग्रिएको छ जसमा अमेरिका र ईयुले युक्रेनी सीमामा रूसी सैन्य निर्माणमा चिन्ता व्यक्त गरेका छन् र नाटोले सहयोगीलाई कीभको लागि आफ्नो सैन्य समर्थन बढाउन आग्रह गरेको छ।

यस विषयमा संयुक्त राज्य अमेरिका र अन्य आपूर्तिकर्तासँग वार्ता गर्दै गर्दा युरोपेली युनियनले रुसको ऊर्जा आपूर्तिमा वृद्धि हुने अवस्थामा युरोपमा हुने सम्भावित अवरोधप्रति चिन्ता व्यक्त गरेको छ। रुसले आफ्नो छिमेकीलाई आक्रमण गर्न खोजेको आरोपलाई लगातार अस्वीकार गरेको छ। युक्रेन समस्याको शान्तिपूर्ण समाधानको प्रयासमा बाधा पुऱ्याउने क्रममा रूसी सिमाना नजिक नाटोको सैन्य गतिविधिले यसको राष्ट्रिय सुरक्षालाई खतरामा पारेको कुरा औंल्याएको छ।

# एकलौटी ढंगले व्यवस्थापन समिति गठन गरेको भन्दै विद्यालयमा तालाबन्दी




**दैनिक समाचारदाता**
**राजविराज, २७ माघ ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका ७ स्थित श्री लक्ष्मी नरसिंह बल्लभ उच्च मावि बभनगामा कट्टीमा बिहीबार स्थानिय अभिभावकहरुले प्रधानाध्यापकको कार्यकक्ष तथा लेखा शाखा फाँटमा तालाबन्दी गरेका छन् ।

एकलौटी र मनपरी ढंगले व्यवस्थापन समिति गठन गरिएको, ऐन कानुन मिचेर करारमा कर्मचारी नियुक्त गरेको लगायतका आरोप लगाउँदै अभिभावकहरुले ताबलाबन्दी गरेका हुन् ।

पटक पटक प्रधानाध्यापक विपिन झा र व्यवस्थापन समितिका जिम्मेवार पदाधिकारीलाई सचेत गराउँदा पनि अटेर गरेकाले बाध्य भई तालाबन्दी गर्नुपरेको स्थानिय अभिभावक उपेन्द्र यादवले बताए ।

अर्का अभिभावक प्रकाश मण्डलले विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रियादेखी कर्मचारी नियुक्ती तथा भौतिक पूर्वाधार निर्माणमा समेत अनियमितता भएको दाबी गर्दै उच्च स्तरिय छानबिन हुनुपर्ने माग गरे ।

यसअघि सप्तरीको डाक्नेश्वरी नगरपालिकास्थित एसएलपी मावि पत्थरगाढामा व्यवस्थापन समितिको निर्वाचन र आर्थिक अनियमितताको छानबिनको माग गर्दै अभिभावकहरुले गरेको रिले अनशन बुधबार तोडिएको छ ।

आगामी फागुन ९ गते विद्यालय व्यवस्थापन समितिको निर्वाचन गराउने सहमति भएपछि अनशन तोडिएको डाक्नेश्वरी नगरपालिकाका प्रमुख शिवनारायण साहले जानकारी दिएका छन् ।

तीन वर्षे कार्यकाल सकेको दुई वर्षभन्दा बढी भइसक्दा पनि विद्यालय व्यवस्थापन समितिको अर्को निर्वाचन गराउन आलटाल गरेको र आर्थिक अनियमितता समेत गरेको भन्दै स्थानिय अभिभावकहरुले विद्यालयको प्रवेशद्वारमै रिले अनशन सुरु गरेका थिए ।

### *नगरको ऐतिहासिक...*

बारुणयन्त्रले आगलागिको समयमा त्यही पोखरीबाट पानी समेत भर्ने गर्छ ।

केही वर्ष अघि सोही पोखरीको सौन्दर्यकरणका लागि झण्डै ८० लाख रकम खर्च गरिएको थियो । सो समयमा पोखरीलाई पुर्ननिर्माण गरिएको थियो र कम्पाउण्ड वाल तथा नयाँ मूल गेट समेत निर्माण गरिएको थियो । तर, अहिले मूल गेटमा मानिसहरुले पिसाब फेरेकै कारण प्वालपरि खिया समेत लागेको छ । यसले पोखरीको सौन्दर्यता बिगार्दै गएको छ ।

उक्त समयममा पोखरीलाई सौन्दर्यता गर्ने नाममा ८० लाख रकम समेत अपुग भएपछि बीचमै त्यसको काम रोकिएको थियो ।

यता नगरपालिकाले भएका सार्वजनिक शौचालय समेत भत्काउँदा मानिसहरु जताभावी पिसाब गर्ने क्रममा एकान्त कुना देखेर बटुवाहरु पोखरीकै ढोकामै ओढ लागेर पिसाब फेर्ने गरेका छन् । तर नगरपालिकाले त्यसप्रति कडाई गर्नुको साटो हेलचक्राई गरेको देखिन्छ ।

# बिहीबार सप्तरीमा संक्रमित शुन्य

**दैनिक समाचारदाता**
**राजविराज, २७ माघ ।**

सप्तरीमा बिहीबार एकजना पनि संक्रमित थपिएन । जिल्लामा बिहीबार पाँच जनाको स्वाब परिक्षण गर्दा पाँचै जनाको रिपोर्ट नेगेटिभ पाइएको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

स्थानिय गजेन्द्र नारायण सिंह अस्पतालको पिसिआर प्रयोगशालामा पाँच जनाको स्वाब परिक्षण गर्दा पाँचै जना नेगेटिभ रहेको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ।

उनले कोरोनाको तेश्रो लहरमा विगत डेढ महिनादेखी दिनहुँ संक्रमित फेला पर्ने गरेकामा विबहीबार एक जनामा पनि संक्रमण नभेटिएको जानकारी दिँदै आवश्यक सुरक्षा, सर्तकता र सरकारले तोकेको स्वास्थ्य मापदण्डको पालना भने अझै जरुरी रहेको बताए ।

कोरोनाको तेश्रो लहरमा जिल्लामा हालसम्म ३ सय ९३ जना संक्रमित भएकोमा १ सय २७ जना निको, पाँच जनाको मृत्यु र २ सय ६१ जना संक्रिय संक्रमित अझै होमआइसोलेशनमा रहेको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

### *थप एक हजार ...*

रहेका छन् ।

दुई सयभन्दा बढी उपचारार्थ संक्रमित रहेका जिल्लामा सिरहा, सप्तरी, पर्सा, बारा, महोत्तरी, सर्लाही, धादिङ, नवलपरासीपूर्व, स्याङ्जा, बागलुङ, तनहुँ, पाल्पा, बर्दिया, दाङ, र कञ्चनपुर छन् ।

हाल शून्य संक्रमित रहेको एक मात्र जिल्ला मनाङ रहेको छ ।


उपत्यकाका तीन जिल्लामध्ये हाल काठमाडौंमा सात हजार १७०, ललितपुरमा तीन हजार ४३१ र भक्तपुरमा एक हजार ४६४ सक्रिय संक्रमित रहेको मन्त्रालयले जनाएको छ ।

ॐ ॐ ॐ

**यहि आउँदो फाल्गुन १७ गते हिन्दूधर्मावलम्वीहरुको महान् धार्मिक, सांस्कृतिक पर्वको रुपमा रहेको महाशिवरात्री महोत्सव एवम् पूजाअर्चना हर्सोल्लासका साथ मनाइने हुँदा सम्पूर्ण जिल्लावासी, नगरवासीमा आह्वान गरिन्छ कि प्राचिन महादेव श्री हरिनन्देश्वर महादेव मन्दिर प्रांगणमा आवश्यक सल्लाह सुझाव एवम् छलफलको लागि उपस्थित भई दिनुहुन हार्दिक आमन्त्रण गर्दछौं ।**

**मिति : २०७८/१०/२९ गते शनिबार**
**समय : दिनको ०१:०० बजे**
**स्थान : मन्दिर प्रांगण (शिवालय)**

**प्रार्थी**
**श्री हरिनन्देश्वर महादेव मन्दिर संरक्षण सम्बर्द्धन समिति**
**राजविराज-७, सप्तरी**




**अनुरोधकर्ता : बलान बिहुल गाउँ कार्यपालिकाको कार्यालय सप्तरी**

**तपाई निम्नमध्ये कुनै विवाहको साक्षी त बनिरहनु भएको छैन ?**

- बाल विवाह
- अनमेल विवाह
- अनिच्छित विवाह
- बहु विवाह
- दाइजो विवाह
- दवाव विवाह

विचार गर्नुस,

के तपाई अपराध र अपराधीलाई सहयोग त गरिरहनुभएको छैन ? यी सबै विवाह सामाजिक र कानूनी अपराध हुन् ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६




**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com,* **वेबसाइट :** *rajbirajdainik.com.np*